# धनुषा जिल्ला अदालतबाट जारी
# सार्वजनिक सूचना

मिति: २०७८।२।२४

विश्वव्यापी महामारीको रुपमा तीव्र गतिमा फैलिरहेको नयाँ भेरियन्टको कोरोना भाईरस (कोभिड-१९) को संक्रमण दरमा क्रमश: सामान्य सुधार देखिएता पनि संक्रमणको चुनौती अझै कायम रहेको हुँदा यस अघि घोषित निषेधाज्ञाको आदेशलाई मिति २०७८।२।२४ गते राति १२:०० बजेबाट सात (७) दिन थप गरी निरन्तरता दिने भनी जिल्ला प्रशासन कार्यालय धनुषाबाट सूचना जारी भएको सन्दर्भमा सो निषेधाज्ञाको अवधि मिति २०७८।२।२४ गते राति १२:०० देखि मिति २०७८/२/३१ गते राति १२:०० बजेसम्म यस अदालतको कामकारवाही तथा प्रवाह हुने सेवामा संकुचन र स्थगन गरी देहायका कामकारवाहीहरुलाई सुचारु राख्ने भनी यस अदालतबाट मिति २०७८।२।२४ मा भएको निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. म्याद थप, पक्राउ पुर्जी जारी, CDR अनुमति र जरुरी पक्राउ पुर्जीको समर्थन सम्बन्धी कार्य,
२. अभियोगपत्र दर्ता गर्ने, अभियोगपत्रसाथ पेश भएका अभियुक्तको बयान लिने, थुनछेक आदेश गर्ने,
३. बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदन दर्ता र सुनुवाई,
४. प्रहरीद्वारा पक्राउ परी आएका फरार प्रतिवादीको बयान तथा थुनछेकसम्बन्धी कार्य,
५. घरेलु हिंसासम्बन्धी फिरादपत्र दर्ता र सुनुवाई,
६. बालसुधार गृहमा रहेका बालबालिका जिम्मा लिने विषयसँग सम्बन्धित निवेदन दर्ता र सुनुवाई,
७. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सुविधासम्बन्धी निवेदन दर्ता र सुनवाई,
८. अभियोग साथ पेश भएका दशीका मालसामान फिर्ता पाउँ भन्ने निवेदन उपरको कारवाही,
९. कैदी पुर्जी सम्बन्धी कार्य,
१०. अदालतबाट प्रवाह हुने सेवा संकुचन गरिएको सन्दर्भमा कार्यबोझको आधारमा अदालतको आन्तरिक व्यवस्थापकीय पक्षहरु अदालत प्रशासनले मिलाउने ।